# किस्पाङ गाउँपालिका सार्वजनिक क्षेत्र सम्वन्धी मापदण्ड २०८१

मितिः २०८१/१२/२० को गाउँ कार्यपालिको बैठकबाट स्वीकृत

किस्पाङ गाउँपालिकाले भूमिहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित वसोवासी सम्वन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को (४) को (झ)(२) र दफा ११ को उपदफा (२)को (५) को (क)(३) कार्यान्वयन गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड बनाईएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "किस्पाङ गाउँपालिका सार्वजनिक क्षेत्र सम्वन्धी मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन २०७४" सम्झनु पर्छ ।

(ग) "सार्वजनिक क्षेत्र" भन्नाले किस्पाङ गाउँपालिकामा रहेका सार्वजनिक उपयोगको क्षेत्र सम्झनु पर्दछ ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले किस्पाङ गाउँपालिकाको गाउँ कार्यापालिका सम्झनु पर्छ ।

(ङ) "सुकुम्वासी" भन्नाले नेपाल अधिराज्य भरी आफ्नो र एकाघर परिवारको सदस्यको नाममा जग्गा नभएको व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

(च) "भूमि समस्या समाधान आयोग" भन्नाले नेपाल सरकारको भूमि समस्या समाधान आयोग र सो अन्तर्गतका निकाय सम्झनु पर्दछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

विरवल तामाङ
अध्यक्ष

## परिच्छेद २

## सार्वजनिक क्षेत्रको मापदण्ड सम्वन्धी व्यवस्था

३. भूमि समस्या समाधान आयोग मार्फत दलित भूमिहिन, भूमिहिन सुकुम्वासी ,अव्यवस्थित वसोवासीहरुलाई जग्गा उपलब्ध गराउने प्रयोजनमा यस गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाहरु मध्ये अनुसूचि (१) अनुसारको सार्वजनिक क्षेत्र र सो को मापदण्ड बाहेकका सार्वजनिक जग्गा मात्र उपयोग गर्नुपर्ने छ ।

### अनुसूची १
### दफा ३ सँग सम्वन्धित
### सार्वजनिक क्षेत्रको मापदण्ड

| क्र.स. | विवरण | मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | सडक वर्ग (क) | ६/६ मिटर दायाँ/वाँया सम्म | भवन निर्माण सम्वन्धी नक्सा पास मापदण्ड तथा कार्यविधि२०७६ को अनुसूची १ मा तोकिए अनुसारको अनुसारको सडकको वर्ग |
| | सडक वर्ग (ख) | ५/५ मिटर दायाँ/बाँया सम्म | |
| | सडक वर्ग (ग) | ४/४ मिटर दायाँ/बाँया सम्म | |
| २ | गोरेटो वाटो | ३ मिटर दायाँ/बाँया सम्म | |
| ३ | सिञ्चाई कुलो | २ मिटर दायाँ/बाँया सम्म | |
| ४ | खोला/नदी | किनारावाट २० मिटर दायाँ/बाँया सम्म | सलाखु खोला र त्रिशुली नदी |

चक्र बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७५

विरवल तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५ | अन्य खोला/नाला/ खहरे | किनारा ५ मिटर दायाँ/बाँया सम्म | सप्साङखोला /छल्कुङ खोला/खुर्लु खोला/घट्टे खोला/रैला खोला/सुर्कौरे खोला र अन्य खोल्सा तथा नाला |
| ६ | मरनघाट सँग जोडिएको जग्गा | सिमानाबाट ५ मिटर सम्म | |
| ७ | मन्दिर/गुम्वा/चैत्य/माने/चर्ज/कुङ्कर/ सँग जोडिएको जग्गा | सिमानाबाट ५ मिटर सम्म | |
| ८ | खेलमैदान सँग जोडिएको जग्गा | सिमानाबाट १० मिटर सम्म | |
| ९ | दर्ता भएका खानेपानीको मुहान सँग जोडिएका जग्गा | १५ मिटरको ब्याससम्म सम्म | |
| १० | ऐतिहासिक क्षेत्र सँग जोडिएका जग्गा | १५ मिटर व्यास सम्म | |
| ११ | धार्मिक क्षेत्र सँग जोडिएका जग्गा | सिमानाबाट १० मिटर सम्म | |
| १२ | सरकारी कार्यालय सँग जोडिएका जग्गा | सिमानाबाट ५ मिटर सम्म | |

चक्र बहादुर शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

बिरबल तामाङ
अध्यक्ष